# राज्यको क्षमता अभिवृद्धिमा भूरणनीतिक सुरक्षाः अवसर र चुनौती

शैलेन्द्र बहादुर थापा


**लेखसार**

*मानव सभ्यताको विकासक्रमदेखि नै धर्माधिकारी, राष्ट्र निर्माता, नीति निर्माता, राष्ट्रिय विभूति, वैज्ञानिक र युद्ध सरदारहरुले आफ्नो 'मातृभूमि र धर्म-संस्कृतिको रक्षा एवं विस्तारका' खातिर सूक्ष्म अनुसन्धान र रहस्यमय रक्षा-नीतिहरु निर्माण गरी पृथ्वीको टाढा-टाढासम्मका सभ्यताहरुमाझ पुऱ्याई लागु गराउनु अनौठो होइन । जनक, सीता, बुद्ध, अंशुवर्मा, अरनिको, फाल्गुनानन्द, पृथ्वीनारायण शाहलगायतका धेरै नेपाली राष्ट्रिय व्यक्तित्त्व र विभूतिहरुको योगदानबाट प्राप्त सार्वभौम नेपालको रक्षा-नीतिमाथि नेपालभन्दा पछि स्थापित कतिपय शक्तिशाली राष्ट्रका लिडिल हार्टको 'इन्डाईरेक्ट एप्रोच', कार्ल भोन क्लाउजिज्को 'अन वार' जस्ता युद्धशास्त्रीय रणनीतिहरुले चुनौती दिने दुष्साहस गर्दैनन् । यद्धपि फरक सभ्यताका केन्द्रहरुले नेपाललाई 'अनुसन्धानको उद्देश्यपूर्ण नमुना छनौटको एक एकाइ' मानेर प्रयोगशालाको स्थलगत कार्यक्षेत्रका रुपमा काम गरिरहेको भनिएको इण्डो-प्यासिफिक रणनीति/मिलेनियम च्यालेन्ज कर्पोरेशनको सुनौला अवसरहरु हामीमाझ आइपुगेका छन् । यिनका हानिकारक तत्वहरुसँग सतर्क रहँदै सकारात्मक पाटोहरु पहिल्याई 'विवेकपूर्ण छनौटद्वारा' राष्ट्रिय हितका पक्षमा संशोधन गरी लाभ लिन सकियो भने राम्रो अवसर प्राप्त हुनेछ । तर यस्तो सम्झौताको कुनै व्यवस्थासँग नेपाल कानुन बाझिएमा कानुन संशोधन गर्नुपर्ने प्रावधान नौलो रहेन । समयको दबाबका कारण यो च्यालेन्जले नेपालको 'असंलग्न' नीतिलाई लङ्गडो बनाई नेपाली सार्वभौम सत्तामाथि चुनौती खडा गरिदियो भने 'वर्वाद भएछ' भनी तपाइँ यो दशकको भूलसँग अर्को दशकदेखि पछुताउनु सिवाय दोस्रो भूल हुनेछैन । नेपाली नीति-निर्माताहरुले नेपालको रष्ट्रिय क्षमता अभिवृद्धिका लागि राष्ट्रिय भूगोल, इतिहास, संस्कृति र राष्ट्रिय पहिचानलाई मुटूमा राखी बहकिएर, झुक्किएर, लोभिएर वा पराधीन मानसिकता बोकेर होइन, स्वाधीन भएर घरेलुनीति निर्माणका पक्षमा 'स्वतन्त्र निर्णय' लिन सामर्थ्यवान् रहने विश्वास नेपाली जनको छ । अतः नेपालका दुवै सँधियार मित्रराष्ट्रहरु वा अन्य मित्रराष्ट्रहरुको नेपाल हेर्ने अन्तर्राष्ट्रिय नीतिहरुलाई सूक्ष्म रुपमा केलाई तुलनात्मक विश्लेषण गरी नेपालविरुद्ध दूरगामी असर पार्नसक्ने कुनै पनि विदेश नीतिहरुप्रति सजग रही तटस्थ, विवेकशील क्षमता र राज्यमैत्री असंलग्न विकल्पहरु अङ्गीकार गर्ने ल्याकतलाई के कस्ता सिद्धान्तहरुले निर्देशित गर्न सक्छन् ? सवाल यो हो । राजनीतिका क्षेत्रमा 'स्वाधीनताको सिद्धान्त' र आर्थिक क्षेत्रमा 'आत्मनिर्भरताको सिद्धान्तलाई' योजनावद्ध रुपमा सञ्चालन गर्दै 'सैनिक पक्षलाई' परराष्ट्र नीतिको अनिवार्य तत्व मान्दा (आचार्य, पृ.१९१-१९८) यसले राज्यको थप क्षमता अभिवृद्धिसँगै भूरणनीतिक सुरक्षालाई प्रबर्द्धन गर्न सक्ने धारणा कतिपय वरिष्ठ कूटनीतिज्ञहरुको छ ।*


**शब्दकुञ्जीः** विवेकपूर्ण छनौट, स्वतन्त्र निर्णय, परराष्ट्र नीतिको अनिवार्य तत्त्वका रुपमा सैनिक पक्ष, त्रिपक्षीयतावादको सिद्धान्त, नवयर्थाथवादी सिद्धान्त, आन्तरिक केन्द्रीकरण शक्ति, केन्द्रापसारक शक्ति, छिमेकीत्त्व नीति, राज्यको क्षमता अभिवृद्धि, राष्ट्रिय हित, अन्तर्राष्ट्रिय सम्बन्ध, विश्वशान्ति ।

## विषय प्रवेश

नेपाल एक भू-परिवेष्ठित स्वतन्त्र मुलुक हो । नेपाल राष्ट्र विश्वको सर्वोच्च शिखर 'सगरमाथाको देश', तिन

मानव बुद्धहरुः 'ऋकुच्छन्द बुद्ध', 'कनकमुनी बुद्ध', ' गौतम बुद्ध जन्मभूमिको देश' र विश्वमा ख्यातिप्राप्त ' बहादुर योद्धाहरु' भएको देश - यी तिन कारणहरुले विश्वमा प्रख्यात छ (वैद्य, मानन्धर र बस्न्यात, २०६५, भूमिका)। लुम्बिनीमा ई.पू.६२३को वैशाख शुक्लपूर्णिमामा जन्मिएका एशियाका तारा बौद्ध दार्शनिक शाक्यमुनी बुद्ध, जिससभन्दा ६२२ वर्षले जेठा भए पनि एशियावासीले बुद्धपूर्व र बुद्ध सम्वत्लाई अन्तर्राष्ट्रिय प्रचलनमा ल्याउन सकेनन् । ईसाई सभ्यताका दार्शनिक जिसस् क्राइष्टको जन्म सम्बत्लाई 'शून्य' वर्ष (+१२ महिना) आधार मानी ईशापूर्व र सन्लाई अन्तर्राष्ट्रिय सम्वत्का रुपमा सहर्ष स्वीकार गरियो (थापा, वि.सं. २०७४, पृ.घ)। सन् ६३० मा चीन (तिब्बत) ले नेपाललाई "एक स्वतन्त्र राज्यको' मान्यता प्रदान गरी नरेन्द्रदेव र तिब्बती राजा स्रङचङ गम्पोबीच पहिलो "प्रतिरक्षा सैनिक सहयोग तथा व्यापारसम्बन्धी सन्धि" सम्पन्न भइसकेपछि तिब्बतको दक्षिणपट्टिको सीमालाई नेपालले सुरक्षित गर्नुपर्ने व्यवस्थाका साथ नरेन्द्रदेवलाई तिब्बती सेनाको 'सुवेदार' पद दिइयो (श्रेष्ठ र अरु, वि.सं. २०७४, पृ.५३४-५३५)। संयुक्त राष्ट्रसंघका १९३ सदस्य देशहरुमध्ये सार्वभौमिकता र स्वतन्त्रताका हैसियतमा सबैभन्दा ज्येष्ठ राष्ट्रहरुको मर्यादाक्रममध्ये एशियाका क्रमशः पहिलो देश जापान (ई.पू.६६०), दोस्रो मंगोलिया (ई.पू.२०९), तेह्रौं ओमान (जनवरी २६, १६५०), चौधौं अफगानिस्तान (अप्रिल १०, १७०९), सोह्रौं थाइल्यान्ड (नोभेम्बर ६, १७६७) हुन् भने, नेपाल सत्रौं स्थान (डिसेम्बर २१, १७६८)मा रहेको देश हो (श्रेष्ठ, वि.सं. २०७५, पृ.४६-४७)। क्षेत्रफलका आधारमा नेपाल संसारको ९३ औं स्थानमा रही हिमालयन रेञ्जमा पर्ने संसारको सबैभन्दा ठूलो देश हो जहाँ सगरमाथा, कञ्चनजङ्गा, लोत्से, मकालु, चोयु, धौलागिरी, मनास्लु र अन्नपूर्ण आठवटा हिमालहरु विश्वका दशौं सर्वोच्च हिमशिखर अन्तर्गत रहेका छन्। १,४७,१८१ वर्ग कि.मि.क्षेत्रफलभित्र विश्व सम्पदा सुचीमा दश पुरातत्व सम्पदाहरु सूचीकृत भएको देशमा सैनिक योगदानको पृष्ठभूमिका कारण एशियाको इतिहासमा नेपाल कहिल्यै उपनिवेशवाद र साम्राज्यवादको अधीनमा रहनु नपरेको भू-रणनीतिक सुरक्षाले राज्यको क्षमता अभिवृद्धिमा विशिष्ठ अवसर प्रदान गरेको छ ।

**विषयको विश्लेषण**

नेपाल-भारतबीच २५ अप्रिल १९५४ मा सम्पन्न कोशी सम्झौताबाट दक्षिणी संधियार मुलुकले बक्रीय बाटो प्रयोग गरी सार्वभौम नेपाली क्षेत्रभित्र पस्न शुरु गरेको ४ दिनपछि नेपाली भूमि 'बुंदी' गाउँमाथि टेकेर उत्तरी संधियार मुलुकसँग अन्तर्राष्ट्रिय सम्बन्ध क्षेत्र-विस्तार गर्ने नीति लिइसकेका थिए । दार्चुला जिल्लाको लिम्पियाधुरादेखि पूर्वमा रहेको बुंदी गाउँमा ९ जुन १९५२ मा भारतीय सेनाले चेकपोष्ट राखेयता भारत-चीनबीच २९ अप्रिल १९५४ मा लिपुलेक पास भएर व्यापारी तथा तीर्थयात्रीहरु आवतजावत गर्न पाउने सम्झौता भयो । सन् १९५९ मा नेपाली कालापानी वगर छनौट गरी भारतीय सेना तैनाथ भयो । भारतले सन् १९६२ मा चीनसँगको युद्धमा केही समयका लागि सामरिक भूमि कालापानी आवश्यक परेको रणनीतिक कारण देखाई यस क्षेत्रको करिब ३७२ वर्ग किलोमिटरभन्दा बढी सार्वभौम नेपाली भू-भाग अतिक्रमण गरेको छ । भारतीय प्रधानमन्त्री राजीव गान्धीले १९-२३ डिसेम्बर १९८८ मा लिपुलेक पास भएर नयाँ थप सीमा-व्यापार सम्झौतामा हस्ताक्षर गर्ने सहमत भयो । डिसेम्बर १९९१ मा चिनीयाँ प्रधानमन्त्री लि फङको नयाँ दिल्ली भ्रमणका अवसरमा नयाँ थप सीमा-व्यापार सम्झौतामा हस्ताक्षर भयो । जुलाइ १९९२ मा लिपुलेक पास सीमा-व्यापारलाई सुदृढ पार्न भारत-चीनले "प्रवेश र निकास प्रक्रियाको' प्रोटोकलमा हस्ताक्षर गरे । सन् २००३ मा भारत-चीनबीच लिपुलेक पास भएर सीमा-व्यापार विस्तार गर्न सहमत भयो । ११ अप्रिल २००५ मा चिनीयाँ प्रधानमन्त्री वेन जिआवाओ र भारतीय प्रधानमन्त्री मनमोहन सिंहबीच पारस्परिक परामर्शका आधारमा लिपुलेक पास र लिपुसँगै जोडिएको च्याङला पासलगायतका क्षेत्रहरुलाई चीन-भारतबीचको सीमा बैठक विन्दुको संयन्त्र विस्तार गर्ने सिद्धान्तमा सहमती

भयो (Sam, 2015)। सेप्टेम्बर २०१४ मा चिनीयाँ राष्ट्रपति सि चिनफिङको भारत भ्रमणको समयमा चीन-भारतबीच ‘कैलाश मानसरोवर यात्रीका’ लागि लिपुलेक पास र नाथुला नाका खोल्ने सहमति भयो। ८ महिनापछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणका क्रममा १५ मे २०१५ मा भारत-चीनबीच नेपालको लिपुलेक पास/च्याङला पासलाई ‘सीमा व्यापार नाका’ बनाउने सम्झौता भयो। चीन-भारत मेलमिलापबाट उत्पन्न जालझेलले ‘चीन-नेपाल-भारत’ त्रिपक्षीयतावाद्को सिद्धान्तलाई उल्लङ्घन गर्दै सार्वभौम नेपाली भूमि अतिक्रमण गरेका छन्।

राजा महेन्द्रले सन १९६६ को मे २६ मा भक्तपुरमा गरेको अरनिको राजमार्गको उद्घाटनबाट नेपाल ‘एक मात्राको स्वतन्त्रता’ (One Degree of Freedom) बाट ‘दोस्रो मात्राको स्वतन्त्रता (Second Degree of Freedom) प्राप्त गरेदेखि (Shrestha, 2015, p. 16) नेपालको छिमेकीसँगको परराष्ट्र नीति ‘समदूरी’ (इक्विडिस्टेन्स) भएको हा। नेपालले चीनको सांघाइमा सन् २००४ अप्रिल २६मा एसियाली राजमार्ग सञ्चालनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरिसकेपछि एशियाली राजमार्गको नेपालमा पर्ने रुट पूर्व-पश्चिम महेन्द्र राजमार्ग AH–2 र उत्तर-दक्षिण अरनिको राजमार्ग AH–42 रहेको छ। नेपालले सन् २००६ नोभेम्बरमा चीनको सक्रियतामा दक्षिण कोरियास्थित बुसानमा आयोजित एशियाली यातायात मन्त्रीहरुको सम्मेलनमा एशिया र युरोपका देशहरुलाई जोड्ने ‘ट्रान्स-एशियन रेल्वे नेटवर्कको’ सहमतिपत्रमा हस्ताक्षर गऱ्यो। यो रेलमार्ग सञ्जालको पहिलो अवधारणा सन् १९६० मा संयुक्त राष्ट्रसंघले अघि सारेको थियो। प्रधानमन्त्री सुशील कोइरालाले नेपालका तर्फबाट सर्वप्रथम १८ डिसेम्बर २०१४मा बेइजिङमा सम्पन्न ‘एक क्षेत्र एक मार्ग’ (ओबिओआर) मा सैद्धान्तिक सहमति जनाई समझदारीपत्रमा हस्ताक्षर गरे (थापा, वि.सं.२०७६ (ख), पृ.५)।

जनगणतन्त्र चीनको वाणिज्य मन्त्रालयमा नेपाली पक्ष र चिनीयाँ पक्षका बीच १७-१८ डिसेम्बर २०१४मा नेपाल-चीन संयुक्त आर्थिक र व्यापारिक कमिटीको ११औं सेसन्मा ‘सिल्क रोड इकोनोमिक वेल्टमा’ सम्झौता भएको छ (Shrestha, 2015, pp. 194-206)। प्रधानमन्त्री के.पी.ओलीले २१ मार्च २०१६मा चीनमा ऐतिहासिक पारवहन र यातायात सम्झौतामा हस्तक्षर गरे। एशिया-प्रशान्तका लागि आर्थिक तथा सामाजिक समितिद्वारा योजना गरिएको एशियाली राजमार्गको एउटा महत्त्वपूर्ण अङ्गका रुपमा यसलाई विकसित गरिएको हो। चीन (तिब्बत) सरकारले २०७४ भाद्र १४ गते दक्षिण एशियाली मुलुकहरुसँग जोड्ने महत्त्वपूर्ण प्रवेश मार्गका रुपमा रसुवागढी-केरुङ नाकालाई ‘अन्तर्राष्ट्रिय नाका’ घोषणा गरेको छ (Story of Kerung, 2019)। काठमाडौं-कोदारी-ल्हासा राजमार्ग ‘एशियाली राजमार्गको सञ्जालभित्र’ समावेश भएको छ। यी उत्तर-दक्षिण राजमार्ग तथा नाकाहरुको सञ्चालनले नेपालको भू-परिवेष्ठित झ्याल-ढोकाहरुलाई खुला गरी अन्तर्राष्ट्रिय सम्बन्धमा **दोहोरो पहुँचको अधिकार** प्रदान गरेको छ। नेपालका झ्याल-ढोकाहरु थुनी राज्यलाई ‘भुटान’ जस्तो भारतवेष्ठित बनाउने सपना बुन्न माहिर वाशिङ्गटन-दिल्ली ब्लकले नेपाललाई वेइजिङतर्फ ढल्केको आरोप लगाइदिएको वैदेशिक हस्तक्षेपको चुनौतीलाई अवसरमा रुपान्तरण गर्ने क्षमता काठमाडौंसँग छ। नेटो गठबन्धन अमेरिकी सैनिक रणनीतिक कारवाहीले फरक विचार, आस्था र विरोधी राष्ट्रहरुमाथि हमला (Sangroula, 2018, pp. 19-20) गरी चीन घेर्ने अमेरिकी रणनीति, क्वाड्रिल्याटरल एलाइन्स/इण्डो-प्यासिफिक रणनीति, प्रतिद्वन्द्वी राष्ट्रको डक्ट्राइनः प्रभाव वा नेपाल सन्दर्भमा वाशिङ्गटन-दिल्ली केन्द्रित भू-राजनीतिक/भू-रणनीतिक स्वार्थले प्रत्यक्ष प्रभाव (Sangroula, 2015, pp. 138-139) पारेको कतिपय विश्लेषकहरुको बुझाइ छ।

सन् १९४९मा अङ्ग्रेज औपनिवेशिक दबदबाबाट भारत स्वतन्त्र भएसँगै सन् १९५०मा सम्पन्न “नेपाल-भारत

शान्ति तथा मैत्री सन्धि" र सन् १९६५को "नेपाल-भारत सुरक्षा सन्धिका" कारण भूपरिवेष्ठित नेपाललाई भारतवेष्ठित बनाएको कतिपय विद्वान्हरुको मूल्याङ्कन छ । वि.सं.२०१५मा नेपालको 'रक्षा व्यवस्था' भारतलाई सुम्पने गोप्य योजनालाई तत्कालीन राजा महेन्द्रले निष्तेज बनाएको (Upadhya, 2018, p. 29) इतिहास भावी नेपाली सन्ततीहरुलाई बुझाउनु जरुरी छ । नेपालमा पहिलो जनआन्दोलन चरम उत्कर्षमा पुग्दा वि.सं.२०४६ चैत्र १८ गते भारतका तत्कालीन विदेश सचिव एस.के.सिंह सुल नेपाल आई १९ गते राजासमक्ष पेश गरेको प्रस्तावित गोप्य सन्धि (Upadhya, 2018, p. 470)मा 'जलस्रोतको अधिकार भारतलाई सुम्पिनुपर्ने' भनी राखिएका शर्तहरुलाई सार्वभौम नेपाली विद्यार्थीहरुका लागि आज गहिरो अनुसन्धानको विषय बनिरहेको छ । वि.सं.२०६४ भाद्र १८ मा चीनविरुद्ध भारत र अमेरिकी गुटको 'चतुष्पक्षीय सुरुवातको सम्झौता' (क्वाड्रिल्याटरल इनिसिएटिभः'क्वाद') को विषयलाई मोहमद अलीले बी.बी.सी.बाट सार्वजनिक गरेका थिए । 'क्वाद' क्षेत्रीय सुरक्षाका लागि हो भनिए पनि यो 'भारत-अमेरिका आणविक हतियारसम्बन्धी' भएको सम्झौताअनुसारको पहिलो चरण हुन सक्ने आशंका कूटनीतिक वृत्तमा चर्चा चल्ने गर्दछ । क्वादले नेपाललाई सामरिक रणनीतिक क्षेत्रमा पेलिने अवस्था सिर्जना गर्न सक्छ (Upadhya, 2018, pp. 333-334)। भारतले लागू गरेको "सीमापार विद्युत व्यापारसम्बन्धी निर्देशिका २०१६" अन्तर्गत नेपालभित्र 'शत प्रतिशत भारतीय सरकार वा भारत सरकारको संगठित संस्थाहरु र भारतीय निजी क्षेत्रले लगानी गरेको आयोजनाबाट उत्पादित बिजुली मात्र भारतमा निर्यात गर्न सकिने' प्रावधानले (क्षेत्री, २०७४, पृ. १०८) नेपालको जलस्रोत र पानीका मुहानहरुमाथि नीतिगत अधिकार जमाउने छिमेकीहरुको कुटील रणनीतिक दाउपेचप्रति नेपाली नीति-निर्माताहरु र नेपालीजन संवेदनशील हुनुपर्ने देखिएको छ । हामीले काठमाडौंमा 'कार्ड' फाल्नुअघि नै संविधानका लागि "सम्झौता" भइसकेको, संविधान लागु गरिसकेपछि नाकाबन्दी लगाएकाले मधेशका मधेशीहरुलाई हाम्रो रिमोटबाट एक बनाउन नसकेको र पहाडहरुमा हाम्रो ठूलो अलोकप्रियता भएको (Tharoor, 2018, pp. 460-463) मोदी सरकारका पात्रहरुको बुझाइ सार्वभौम नेपालीका लागि मैत्रीपूर्ण छैनन्, अपितु सबैखाले चुनौतीहरुलाई अवसरमा बदल्दै नेपालले सबै मित्रराष्ट्रहरुसँग 'अन्तर्राष्ट्रिय कानुन' र 'संयुक्त राष्ट्रसंघको वडापत्रको' पालना गर्दै 'निशस्त्रीकरणमाथि' जोड दिँदैआएको छ । नेपालले 'शान्तिपूर्ण' आग्रहद्वारा 'समदुरी' (Equi-distance), 'सम-सामिप्यता' (Equi-proximity), 'गतिशील तटस्थता' (Dynamic Neutralism), 'एक चीन नीति' र 'पञ्चशीलको सिद्धान्तका' आधारमा आन्तरिक एवम् बाह्य क्षमता अभिवृद्धिका लागि सन्तुलित 'छिमेकित्वको नीति' (Neighborhood Policy) अघि सार्दैआएको छ ।

निर्भरता सिद्धान्त (डिपेन्डेन्सी थ्योरी) ले देश विकास र अस्तित्वका लागि अर्को राज्यमा निर्भर रहने अवस्थाको वर्णन गर्दछ (Dahal, 2018, p. 35) । निर्भरता सिद्धान्तको दृढ विश्वास छ कि, अविकसितको अवस्था ठीक तेस्रो विश्वको अर्थशास्त्रलाई पूँजीवादी विश्व प्रणालीमा समाहित गर्ने परिणाम हो, जुन पश्चिम र उत्तर अमेरिकाले प्रभुत्व जमाएको छ (Dahal, 2019, p. 36)। निर्भरताको सिद्धान्त भनेको नेपाललाई भारतले "एक मधेश एक प्रदेश" वा कम्तिमा "दुई मधेश प्रान्तको" विकल्पसहित नेपालको संघीय सीमाङ्कन बनाउन दबाब दिई एकपटक नयाँ दिल्लीले मधेसी नेतालाई समात्यो भने यसले काठमाडौंका सम्भ्रान्त वर्गलाई धम्की दिन वा नियन्त्रणमा राख्न सकियोस् भनी चाहेजस्तो व्यवहार गर्ने 'दिवास्वप्ना' देख्नु पनि होइन । निर्भरताको सिद्धान्तसँगै जोडिएर आउने आत्मनिर्णयको अधिकार चीन, भारत वा कुनै पनि तेस्रो मुलुकहरुसँग नेपालले अन्तर्राष्ट्रिय कानुनका आधारमा छनौट गर्न पाउने 'स्वतन्त्र अधिकार' हो । आत्मनिर्णयको अधिकार भनेको राज्यबाट टुक्रिएर अलग रहने प्रक्रिया होइन, राज्यभित्र रही व्यक्तिले प्राप्त गर्ने अधिकारहरु हुन् । यसका लागि 'सार्क', 'विमस्टेक' र 'असंलग्न राष्ट्रहरु'

जस्तै **व्रिक्स कोअपरेशन**अन्तर्गत 'ब्राजिल', 'रसिया', 'इन्डिया', 'चाइना' र 'दक्षिण अफ्रिकाको' सम्बन्धले मित्रतामै बढी जोड दिएको छ । यो छाता संगठनभित्र चीन र भारतका बीचमा "नेपालले संयोजनकारी भूमिका" खेल्दै मध्यएशिया र दक्षिण एशियाबीच शक्ति सन्तुलन कायम गरेको छ (Baral, 2018, p. 60) । यसरी क्षेत्रीय र अन्तर्राष्ट्रिय शक्ति प्रतिस्पर्धाका कारण नेपाल भू-रणनीतिक शक्ति केन्द्रका रुपमा अगाडि बढिरहँदा, त्यस्तो अवस्थामा नेपालले पाइला-पाइलामा सचेत भएर विवेकपूर्ण निर्णय (Baral, 2018, p. 61) लिनुपर्ने विद्वान्हरुको जोड छ ।

नेपालको परराष्ट्र नीतिका तीन सर्तहरुः 'पारिस्थितिक छनौट', 'सर्तका आधारमा गर्ने छनौट' र 'विवेकसम्मत एवम् सावधानीपूर्ण तरिकाले गर्ने छनौटले' मात्र नेपालको 'राष्ट्रिय स्वार्थ' सुरक्षित हुनेमा जोडदिँदै ऐतिहासिकरुपमा "कौटिल्यको अर्थशास्त्र" र चिनीयाँ सन् त्सउको "युद्धकला" भारत-चिनीयाँ दर्शनको बौद्धिक विकासमा आधारित रहेर लेखिएका ग्रन्थहरु हुन् । यी दुवै ग्रन्थले युद्धमा शत्रु परास्त गरी विजयी हुने रणनैतिक दृष्टिकोण प्रस्तुत गर्दछन् । सन् त्सउ, "आफूलाई चिन र तिम्रो शत्रुलाई चिन, तिमीलाई कहिल्यै पनि खतरा हुनेछैन" (Haiming, 2017, p. 60) जस्ता जङ्गी-मन्त्रहरुले 'चीन-नेपाल-भारतको त्रिदेशीय मित्रता' र छिमेकीको सम्बन्धलाई 'व्यवहारोपयोगी' बनाउने भारतीय बुद्धिजीबी गीता कोच्छार र प्रमोद जैसवालको विश्लेषण छ । उनीहरुले शास्त्रीय यथार्थवादबाट विकसित नवयथार्थवादी सिद्धान्तको व्यवहारका कारण नेपाल-चीन-भारतको सम्बन्धमा 'सुरक्षा दूबिधाको समस्या' रहेको निष्कर्ष निकालेका छन् । त्रिदेशीय सम्बन्धविरुद्ध अन्य बाह्यशक्ति राष्ट्रहरु कुनै न कुनै रुपमा सक्रिय रहेर दिइरहेको चुनौतीपूर्ण नीतिविरुद्ध प्रतिरक्षा गर्नुपर्ने कतिपय भारतीय बुद्धिजीबीहरुको धारणा छ । अर्कोतिर त्रिदेशीय राष्ट्रहरु स्वयम् आन्तरिक रुपमा सुरक्षा शंकाबाट प्रताडित छन् । भारत-नेपाल सम्बन्धमा गोरखाबादी/हिन्दू-संस्कृतिको आदर्श र चीन-नेपाल सम्बन्धमा बौद्ध-संस्कृति/समाजवादको आर्दशलाई स्वीकार गरी दुवै संधियार मित्र राष्ट्रहरुबीच नेपालले एकअर्काको सभ्यता र संस्कृतिमा गहिरो प्रभाव पारिरहेको (Kochhar & Jaiswal, 2016, pp. 49-51) लेखक द्वयको तर्कसंग प्रख्यात भारतीय विद्वान् आनन्दस्वरुप वर्मा पंक्तिका विद्वान्हरुको ठूलो समूह सहमत देखिएका छन् ।

**निष्कर्ष**

'यदि नेपाल सरकारले राज्यको क्षमता बढाउन सक्दैन भने राज्य आफैं विस्तारै विघटन हुन सक्छ' (Kaplan, 2012, p. 252) भन्ने रोबर्ट कप्लानको अनुमानलाई सही मान्नु हुन्छ भने, रोबर्ट फ्रोस्टको 'असल बारबेरले असल छिमेकी बनाउने' (Frost, 1984, pp. 47-48) भन्ने कथनलाई तपाइँले कसरी बुझ्नु भएको छ ? नेपाल राज्यको क्षमता अभिवृद्धिमा नेपाली भू-राजनीतिक स्थितिलाई बलियो बनाउन 'आन्तरिक केन्द्रीकरण शक्ति' (सेन्ट्रिपिटल फोर्स) अर्थात् यो शक्ति केन्द्रतिर जाने भएकाले यसलाई अविभाज्य अवसरका रुपमा लिन सकिन्छ । तर आन्तरिक 'केन्द्रपसारक शक्ति' (सेन्ट्रिफ्युगल फोर्स) अर्थात यो शक्ति केन्द्रबाट बाहिर जाने हुँदा यसले राज्यलाई विद्रोह र विखण्डन गरी चुनौती दिन सक्ने (भण्डारी, पृ. ७९६-७९९) बुझाइ कतिपय विज्ञहरुको छ । उदाहरणका लागि उत्तर-दक्षिण दोलखादेखि नौलखासम्म जोडिएको भू-भागलाई अलग गरिँदा भोलि हुन सक्ने सेन्ट्रिफ्युगल फोर्सबाट उत्पन्न दुष्परिणामलाई परिवर्तन गरी सेन्ट्रिपिटल फोर्स (जङ्गी-पृतना शक्ति) मा ल्याउन सक्ने सामर्थ्य राज्यसँग हुनुपर्छ । नेपाललाई दुई देशबीचको 'बफर स्टेट' भएको ठान्दै आएका संधियार मित्रराष्ट्रहरुले अमेरिकी भू-रणनीतिक सिद्धान्तअनुसार नेपाललाई चीनसँगको 'द्वन्द्वको' अखडा बनाउने प्रयास गरेको कतिपय विद्वान्हरुको बुझाइ छ । नेपाली सेनाका पूर्वरथी एवम् म्यानमारका लागि नेपाली पूर्वराजदूत भिक्ट्रीशमशेर ज.ब.रा.को मान्यता के छ भने, अन्तर्राष्ट्रिय मामिलामा हामी खेलाडी बन्ने हो, मैदान होइन । हामीले अरु देशको स्वार्थ आफ्नो देशभित्र घुस्न दिनै हुन्न । त्यसका लागि नेपालले

पहिलेदेखि अपनाउँदै आएको असंलग्नताको सिद्धान्तलाई कडाइका साथ लागु गर्दै (रिजाल, सं. २०१९, पृ. १५६) नेपाली-भूमि रणनीतिक सन्तुलनको सैद्धान्तिक (Theory of Nepalese-Ground Strategical Balance: TONGSB) जगमाथि उभिएर राष्ट्रिय हित, विश्वशान्ति र अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ गरी भू-रणनीतिक सुरक्षाको चुनौतीलाई अवसरमा बदल्दै राज्यको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउँदछ ।

**सन्दर्भ सामग्री सूची**


आचार्य, जयराज (२०५९): *यदुनाथ खनाल जीवनी र विचार,* ललितपुरः साझा प्रकाशन ।

क्षेत्री, गणेश (२०७४): *भारतको नेपाल 'नीति एक शल्यक्रिया',* काठमाडौंः जनता प्रसारण तथा प्रकाशन लि.।

थापा, शैलेन्द्र(२०७६,(क)): *बौद्ध सभ्यताको परिपथ, गोरखापत्र शनिवार,* असार २१, वर्ष ११९, अंक ६१, काठमाडौं ।

थापा, शैलेन्द्र (२०७६(ख)): *एक क्षेत्र एक मार्गमा नेपाल, गोरखापत्र शनिवार,* आश्विन २५, वर्ष ११९, अंक १५५, काठमाडौं ।

भण्डारी, भानु(२०६९): *भू-राजनीतिक दाउपेच,* ललितपुरः ओरिएन्टल प्रकाशन गृह ।

रिजाल, विष्णु: (सम्पा,२०१९): *नेपालको कूटनीतिक अभ्यास राजदूतहरुको अनुभव,* काठमाडौंः परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान ।

वैद्य, तुलसीराम र मानन्धर, त्रिरत्न (वि.सं.२०४९) नेपालको सैनिक इतिहास, काठमाडौंः शाही नेपाली, जङ्गी अड्डा ।

वैद्य, तुलसीराम, मानन्धर, विजय कुमार र बस्न्यात, प्रेमसिंह (२०६५): *नेपालको सैनिक इतिहास-भाग २,* काठमाडौं नेपाली जंगी अड्डा ।

श्रेष्ठ, अमन र अरु (२०७२): *नेपाल-भारत र चीन सन्धि समीक्षात्मक विवेचना,* काठमाडौंः मधुवन प्रकाशन ।

श्रेष्ठ, बुद्धिनारायण(२०७५): *सिमानाको ज्ञान,* काठमाडौंः फिनिक्स बुक्स ।

Baral, L.R.(2018): *Politics of geo-politics: Continuity and changes in India-Nepal relations*, New Delhi: Adarsh Books.

Dahal, S.H.(2019): China-Nepal-India triangle The dark side of Indo-Nepal relations, Kathmandu: Sangri-La Pustak P. Ltd.

Frost, R. (1984) Complete poem of Robert Frost (11th Printing), NewYork: Mending Wall

Haiming, W.(2017): Chinese philosophy, Beijing: China International Press.

Kaplan, Robert D.(2012): The Revenge of geography, Newyork: the United States by Random House Trade Paperbacks, and important of The Random House Publishing Group.

Kochhar, G. & Jaiswal, P. (2016). Unique Asian traingular India-China-Nepal, New Delhi: Smt Neelam Batra.

Sam, C.(2015): The Indian checkposts, Lipu Lekh, and Kalapani, December 14,

Sangroula, Y.(2018): South Asia China geo-economics, Bhaktapur: Lex & Juris Publication.

Shrestha, H.(2015): Sixty years of dynamic partnership, Kathmandu: Nepal-China Society.

Tharoor, S.(2018) : The paradoxical prime minister Narendra Modi and his India, NewDelhi: Alpha Book Company.

Upadhya, S.(2018): Nepal and the geo-strategic rivalry between China and India, New York: Routledge.

https://www.mountainmonarch.com/highest-mountains-world/

http://www.nepal.saarctourism.org/world-heritage-sites.html

Story of Kerung ‖ 10 Jun 2019. https://www.youtube.com/watch?v=pZ4nHbljssE&feature‖